नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

पत्र संख्या : २०७९/०८०
चलानी नं.: १६७२.

फोन नं. : ०१-४१००२२३
टोल फ्री : १६६००१११२२४
टेकु, काठमाडौं

नेपाल सरकार स्वास्थ्य बीमा बोर्ड टेकु, काठमाडौं २०७४

मिति:२०८०/०३/०८

बिषयः- उपस्थित भै स्पस्टिकरण पेस गर्ने सम्बन्धमा ।

ना.सु. श्री प्रकाशमान के. सी. (संकेत नं. १९५८७०)
स्वास्थ्य बीमा बोर्ड टेकु, काठमाण्डौ ।

स्वास्थ्य बीमा बोर्ड टेकु काठमाण्डौको ना.सु. पदमा कार्यरत तपाईं श्री प्रकाशमान के.सी. (सम्पर्क नं. ९८५२८४०४४०) संघिय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयबाट चौथो पटक सरुवा संसोधन गराई पुनः थमौती भई बोर्डमानै कार्यरत नै हुनुहुन्छ तर हाल कुनै सुचना तथा जानकारी बिनानै तपाईं मिति २०७९/८/१५,१६,१८ देखी २५ सम्म अनुपस्थित, २८ देखी २९ सम्म अनुपस्थित २०७९ पुष १ देखी मसान्त सम्म पुरा महिना अनुपस्थित, २०७९ माघ महिना पुरै अनुपस्थित, २०७९ फागुन महिनाको १ गते देखी ९ गतेसम्म कार्यालयमा अनुपस्थित रहनु भएको, पटक पटक सम्पर्क गर्न प्रयास गर्दा समेत सम्पर्क बिहिन हुनुभै कुनै जिम्मेवारी बोध नगरेको, कार्यालय प्रमुखले सम्पर्क गर्दा मोबाईल नउठाएको, एस.एम.एस. गर्दा सोको कुनै रेस्पोन्स/प्रतिक्रिया नदिएको तथा यो सूचनाको मिति सम्म पनि कार्यालयमा सम्पर्क बिहिन रहनु भएको कारण तत्कालिन तपाई कार्यरत स्टोर शाखामा अर्को कर्मचारीलाई खटाउँदा समेत आफु जिम्मामा रहेको खर्च भएर जाने तथा खर्च नहुने जिन्सी सम्बन्धी सम्पूर्ण कागजात र विवरण अर्को कर्मचारीलाई बुझाउन २ पटक सम्म पत्राचार गर्दा समेत अटेर गरी हालसम्म सो कार्य सम्पन्न नगरेको कारणले महालेखा परीक्षकको टीमलाई जिन्सी खाता परीक्षण गर्न उपलब्ध गराउन नसकिएको, परीक्षण गराउन तपाईंसंग सम्पर्क गर्दा अटेर गरी सम्पर्क बिहिन भई जिन्सी खाता नदिएको, कार्यालयको लागी आवश्यक कार्यालय संचालन सामाग्री उपलब्ध हुन नसकी दैनिक कार्यमा गम्भीर क्षती पुरयाई अप्ठ्यारो पार्ने नियत राखेको, अन्य कर्मचारीलाई कार्य गर्ने वातावरणमा अबरोध सृजना गरि गैरजिम्मेवार र लापरवाही पुर्बक कार्य गरेको पाईएको, नि.से.नि २०५० को नियम १२२ बमोजिम कामकाज गर्न खटाएको कार्यालयमा हाजिर हुन समेत नगएको, नियम १२४ बमोजिम तपाईं जिम्मा रहेका नगदी तथा जिन्सी सम्बन्धी श्रेस्ता अर्को कर्मचारीलाई समय सिमाभित्र नबुझाएको र खटाएको कार्यालयमा हाजिर हुन जान पुनः पत्राचार गर्दा समेत अटेर गरेको पाईएकोले यो सुचना प्रकासित गरिएको छ । सुचना प्रकाशित भएको मितिले ३ (तीन) दिन भित्र जिन्सी श्रेस्ताको सम्पूर्ण बरबुझारथ तोकिएको कर्मचारीलाई बुझाउन र अनुपस्थित हुनुको मनासिब कारण सहित स्पस्टिकरण पेशगर्नु होला अन्यथा निजामती सेवा ऐन, २०४९ को दफा ६० को (ख) र (घ), दफा ६०क को (ङ) र दफा ६१ को (च) बमोजिम आफ्नो पदको जिम्मेवारी बराबर बेवास्ता गरेको पाईएकोले विभागिय कारबाही किन नगर्ने? नगर्नु पर्ने मनासिब कारण भए उपरोक्त समय भित्रै स्पस्टिकरण पेश गर्न समेत सुचित गरिएको छ ।

(डा. दामोदर बसौला)
कार्यकारी निर्देशक

डा. दामोदर बसौला
कार्यकारी निर्देशक

बोधार्थ
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं